कमलामाई नगरपालिका

# कमलामाई नगरपालिका विद्यालय बस सञ्चालन निर्देशिका, २०८०

स्वीकृत मिति : २०८०।०९।२९

## प्रस्तावना:

कमलामाई नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्ने उद्देश्यले सञ्चालनमा ल्याएका साधनहरुले दिने यातायात सेवालाई सुरक्षित, आरामदायी र भरपर्दो बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कमलामाई नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ:

(१) यस निर्देशिकाको नाम "कमलामाई नगरपालिका विद्यालय बस सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले कमलामाई नगरपालिकाको नगर प्रमुख लाई सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले कमलामाई नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कमलामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "विद्यालय बस" भन्नाले सामुदायिक, संस्थागत वा अन्य निकायबाट सञ्चालित शिक्षण संस्थाहरुले विद्यार्थी ओसारपसार गर्न प्रयोगमा ल्याएका आफ्नै वा भाडामा लिई सञ्चालन गरेका सवारी साधनलाई सम्झनुपर्छ । सो शब्दले माइक्रोबस, मिनिबस, भ्यान समेतलाई जनाउँछ ।

३. विद्यालय बसको मापदण्ड: विद्यालयले आफ्नो विद्यार्थीहरुको सुरक्षित किसिमले ओसारपसार गराउन सञ्चालन गर्ने विद्यालय बस निम्नि अनुसारको मापदण्डको हुनुपर्नेछ :

(१) विद्यालय बसको पहिचान निम्न मापदण्ड अनुसारको हुनुपर्नेछ:



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

(क) विद्यालय बसको बाहिरको रंग पहेंलो (Golden Yellow) हुनुपर्नेछ ।

(ख) विद्यालय बसको अगाडि र पछाडि “School Bus” कालो रंगले लेखिएको हुनुपर्नेछ ।

(ग) विद्यालयले भाडामा लिएको भए विद्यालयको नाम सहित “On school duty” लेखिएको व्यानर वा बसको अगाडि र पछाडि देखिने गरि “School Bus” लेखिएको प्लेट हुनुपर्नेछ ।

(घ) विद्यालय परिचय खुल्ने गरि १५० मि.मी. उचाईको गोल्डेन ब्राउन रंगमा विद्यालयको नाम दुबैपट्टी झ्यालको तह (Level) भन्दा तल लेख्नुपर्नेछ। साथै विद्यालयको ठेगाना र फोन नम्बर पनि उल्लेख हुनुपर्नेछ ।

(ङ) विद्यालय बसमा कालो रंगमा बसको अगाडि र पछाडि निम्न विद्यालयको बसको चिन्ह लेखिएको हुनुपर्नेछ ।




(२) विद्यालय बसले निम्न अनुसारको भौतिक मापदण्ड पूरा गरेको हुनुपर्नेछ:

(क) आपतकालीन ढोका (Emergency Exit) : सबै विद्यालय बसहरुमा पछिल्लो आधा भागको देब्रेतिर Emergency Exit को व्यवस्था हुनुपर्नेछ । यसका साथै बसको पछिल्लो भागमा Emergency Exits Breakable Glass हुनुपर्नेछ । (Emergency Exit) को तल्लो तह (Level) बसको भूँई सरहको र माथिल्लो लेभल झ्यालको माथिल्लो तह बराबरको हुनुपर्नेछ ।

(ख) सुरक्षा:विद्यालय बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा आपत्कालीन निकास (mergency Exit) हरु बन्द गर्ने व्यवस्था गरी विद्यार्थीहरुको यात्रालाई सुरक्षित बनाउनुपर्नेछ ।

(ग) झ्यालको ग्रील :विद्यालय बसको झ्यालमा कम्तिमा तीनवटा Horizontal Round Metal/Round Aluminum Tube को ग्रील विद्यालय बसको दुवै झ्यालमा लगाएको हुनुपर्नेछ ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

(घ) प्राथमिक उपचार बाकस :विद्यालय बसमा देखिने ठाउँमा प्राथमिक उपचार बाकस (First Aid Kit) को व्यवस्था हुनुपर्नेछ ।

(ङ) अग्नि नियन्त्रण उपकरण : बसमा देखिने ठाउँमा अग्नि नियन्त्रण (Fire Extinguisher) राखिएको हुनुपर्नेछ ।

(च) फोहरको व्यवस्था: प्रत्येक विद्यालय बसमा अनिवार्य रुपमा फोहोर फ्याक्ने टोकरी राखिएको हुनुपर्नेछ ।

(छ) बसको ढोकाको चुकुल (Door Lock): बसको ढोकामा भरपर्दो चुकुल प्रणाली भएको हुनुपर्नेछ ।

(ज) बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ ।

(झ) झ्यालको सिसा: झ्यालको सिसामा कुनै पनि किसिमको रंग लेपन नगरी पारदर्शी हुनुपर्नेछ ।

(ञ) बसको प्रवेशद्वार: विद्यालय बसको प्रवेशद्वारको सबैभन्दा तल्लो सिंढी जमिनमाथि ३०० मि.मि. भन्दा बढी हुनुहुदैन ।

(ट) बसको सिटहरुको अवस्था: बसको सिटहरुको अवस्था दुरुस्त हुनुपर्ने वा सिटको कुनैपनि भागबाट तिखो वा धारिलो बस्तु बाहिर निस्किएको हुनुहुदैन ।

(ठ) स्कुल व्याग तखता: स्कुल व्याग सुरक्षित किसिमले राख्नका लागि बसभित्र स्कुल व्याग तखताको व्यवस्था हुनुपर्नेछ ।

(ड) बस सिटको रेखांकन (Layout): सम्पूर्ण सिटहरु अगाडि फर्किएको (Forward Facing) हुनुपर्नेछ । चढ्ने ओर्लने सिंढी (step well) को छेउको सिटको अगाडि उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ । बालबालिकाको उचाइ अनुसारको बस्ने सिटको व्यवस्था हुनुपर्नेछ ।

४. विद्यालय बस परिचालक: विद्यालय बसमा परिचालकको व्यवस्था हुनुपर्नेछ ।

५. सिट संख्या र बसको क्षमता: विद्यालय बसले बसको सिट संख्या अनुसार देहायको संख्यामा विद्यार्थीको ओसारपसार गर्न पाउने छन्:

(क) १२ वर्षभन्दा मुनिका विद्यार्थीहरुलाई बसको सिट क्षमताभन्दा १.५ गुणा बिद्यार्थी ओसारपसार गर्न सकिनेछ ।

(ख) १२ वर्षभन्दा माथिका विद्यार्थीहरुको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विद्यार्थी राख्नुपर्नेछ ।

६. विद्यालय बसमा विद्यार्थीहरुको विवरण:

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

(क) प्रत्येक विद्यार्थीहरुका लागि बसको नम्बर, रुट र बिसौनी उल्लेख गरेको विद्यार्थीको तस्वीर सहितको परिचयपत्र जारी गरेको हुनुपर्नेछ ।

(ख) बस चालकले विद्यार्थीहरुको पूर्ण विवरण सहितको सूची राख्नुपर्नेछ ।

(ग) सूची विद्यार्थीको नाम, ठेगाना, कक्षा, रक्त समूह, रोक्नुपर्ने बिसौनी उल्लेख हुनुपर्नेछ ।

(घ) बसमा बस सञ्चालनको मार्ग तालिका तथा समय तालिका टाँस गरेको हुनुपर्नेछ ।

७. बसको गति सिमित हुनुपर्नेः बिद्यालय बस कुनै पनि किसिमले अधिकतम ४० कि.मि.(चालिस किलोमिटर) प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाउनेछैन । यदि गति बढी भएको भेटिएमा वा गति बढी भएको सूचना प्राप्त भएमा वा अभिभावकले गुनासो (Complain) गरेमा र गति बढी भएका कारण कुनै दुर्घटना भएमा सम्बन्धित संस्थालाई प्रचलित कानुन अनुसार कारवाहीका लागि प्रकिया अगाडि बढाइनेछ ।

८. स्टप चिन्ह (stop sign) :बसको परिचालकले चाहिएको बेलामा विद्यार्थीहरुलाई ओराल्ने, चढाउने वा बाटो काट्ने प्रयोजनका लागि चाहिने ट्राफिक चिन्ह (stop sign) बस भित्र राखिएको हुनुपर्नेछ ।

९.धुम्रपान तथा मध्यपान गर्न नपाईने : विद्यालय बसमा कसैले पनि धुम्रपान तथा मध्यपान गर्न पाईनेछैन ।

१०.बालश्रम निषेध : विद्यालय बस सञ्चालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाईनेछैन ।

११. विद्यालय बस चालक तथा परिचालक सम्बन्धी व्यवस्थाः

(क) विद्यालय बसका चालक तथा परिचालक सम्बन्धी योग्यता वा अन्य मापदण्ड प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

(ख) विद्यालय बसका चालक तथा परिचालकले सम्बन्धित विद्यालयले तोके बमोजिमको पोशाक र परिचय पत्र अनिवार्य लगाउनु पर्नेछ ।

१२. विद्यालयको दायित्वः

(क) अनुभवी चालकको व्यवस्था गर्ने ।

(ख) प्रत्येक विद्यार्थी एवं चालकलाई जान्ने गरी सामान्य ट्राफिकका नियमका बारेमा समय समयमा जानकारी गराउनु पर्नेछ ।

(ग) विद्यालय बसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनुपर्नेछ ।

(घ) बिद्यालयले भाडाका बस लिंदा नियमित रुट (बाटो) बाहेक सञ्चालन गर्नु परेमा अनिवार्य रुपमा पटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

(ङ) विद्यालयले विद्यार्थी ओसारपसारमा प्रयोग हुने प्रत्येक स्कुल बसको यातायात व्यवस्था कार्यालयमा दर्ता गराई अद्यावधिक गराउनु पर्नेछ ।

(च) बस सेवा सम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्बर लेखेको हुनुपर्नेछ ।

१३. सवारी चालकको दायित्व :

(क) सवारी चालक अनुमतिपत्र र सवारी साधनसँग सम्बन्धित सबै किसिमका कागजातहरु ( सवारी दर्ता प्रमाणपत्र, बाटो ईजाजतपत्र, सवारी जाँचपास पत्र) साथमा राख्नुपर्नेछ ।

(ख) तोकेबमोजिमको पोशाक र परिचयपत्र लगाएको हुनुपर्नेछ ।

(ग) चालकले कुनै पनि अन्य यात्रु, मालसामान र अनावश्यक व्यक्ति बोक्न पाईने छैन ।

(घ) चालकले ट्राफिक नियमको पालना गर्नुपर्नेछ ।

(ङ) सडकमा सवारी चलाउँदा अत्यावश्यक सेवाका सवारीसाधनलाई प्राथमिकता दिनुपर्नेछ ।

(च) चालकले सदैव एकजना परिचालक साथमै लिई हिड्नुपर्नेछ ।

(छ) चालकले कुनै अभिभावक विद्यार्थी लिन नआएमा विद्यालयको जिम्मा लगाउनुपर्नेछ ।

(ज) सवारी चलाएको अवस्थामा मोबाईल वा ईयरफोन वा सञ्चारका अन्य कुनै पनि साधन प्रयोग गर्न पाईने छैन ।

(झ) कुनै पनि यौनजन्य दुर्व्यवहार हुन सक्ने गतिविधि नगर्ने/नगराउने कार्यको पूर्ण पालना गर्नुपर्नेछ ।

१४. अभिभावक र विद्यार्थीको दायित्व:

(१) अभिभावक दायित्व:

(क) सडक सुरक्षाका लागि अभिभावक र विद्यार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ ।

(ख) विद्यालयले तोकेको बिसौनी र समयमा अभिभावकले विद्यार्थीहरुलाई पुऱ्याउनु तथा ल्याउनु पर्नेछ ।

(ग) पूर्व प्राथमिक तहका विद्यार्थीहरुको हकमा अभिभावकले वैकल्पीक व्यक्तिलाई विद्यार्थी पुऱ्याउन तथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण दिएर पठाउनु पर्नेछ ।

(घ) चालकले सवारी नियम तथा यस निर्देशिका विपरित सवारी चलाएको पाईएमा अभिभावकले तुरुन्त विद्यालय प्रशासन र नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

(ङ) अभिभावकले चालकसँग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुँदैन ।

(च) अभिभावकले अन्य विद्यार्थीलाई प्रभावमा पार्ने, अनावश्यक चासो राख्नु हुँदैन ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

(२) विद्यार्थीहरुको दायित्व:

(क) आफू यात्रा गर्ने सवारी साधनमा फोहर नगर्ने, आपसमा मिलेर बस्ने, झ्यालबाट फोहर नफाल्ने र चालकसँग भद्र व्यवहार गर्ने दायित्व सम्वन्धित विद्यार्थीको हुनेछ ।

(ख) चालकले सवारी नियम उल्लघंन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

(ग) ट्राफिक संकेत सम्बन्धी जानकारी राखी सवारी नियम पालना गराउन सम्बन्धित पक्षलाई सचेतना जगाउन मार्ग दर्शकको भूमिका निर्वाह गर्ने ।

१५. अनुगमन:

(१) यो निर्देशिका पालना गरे नगरेको विषयमा कमलामाई नगरपालिका वा मातहतका कार्यालयहरु वा अधिकार प्रत्यायोजन भएका निकायहरुले अनुगमन गर्ने छन् ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनबाट यो निर्देशिकामा भएको प्रावधान र अन्य प्रचलित कानुन बमोजिमको मापदण्ड तथा शर्तहरु पुरा नगरेको पाईएमा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम कारवाही गर्ने तथा कारवाहीको लागि सिफारिस गर्न सक्नेछ ।

१६. विविध:

(क) निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा देखिए नगर कार्यपालिकाको निर्णय अन्तिम हुने थप वा शसोधन गर्नु परेमा कार्यपालिकमा अधिकार रहने छ ।

(ख) निर्देशिकामा भएको व्यवस्थाहरु उल्लघंन गरिएको पाईएमा सवारी तथा यातायात व्यवस्था ऐन, नियम अनुसार कारवाही हुनेछ ।

(ग) यो निर्देशिका अन्य कुनै प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म यो निर्देशिकाका प्रावधान अमान्य हुनेछन् ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख